का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २२४
- १२ असोज २०७८, मंगलबार
- 28 September 2021, Tuesday

www.madhyanhadaily.com

पृष्ठ १६ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।



विश्व पर्यटन दिवसका अवसरमा पोखरा पुगेका नेपालस्थित विभिन्न राष्ट्रका राजदूत सहित कुटनीतिक नियोगका पदाधिकारीहरु फेवातालस्थित ताल बाराही मन्दिरको आरतीमा सहभागी । तस्वीरः रासस

# असन्तुष्ट फकाउने प्रयास

> दश बुँदे सहमति गरी माधव नेपालतिर नगएका नेताहरु र नेकपा (माओवादी केन्द्र) छोडेका नेताहरुलाई मिलाउन प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई सजिलो देखिन्न ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ असोज ।

नेकपा एमालेको स्थायी कमिटी बैठक आइतबार ६ घण्टा बढी चल्यो । ललितपुरको च्यासलस्थित तुलसीलाल स्मृति भवनमा स्थायी कमिटी बैठक साँझ ६ बजेसम्म चलेको थियो । दिउँसो १२ बजेदेखि चलेको बैठक लामो समय चल्नुको कारण भने पार्टीभित्र देखिएको असन्तुष्टि हल गर्ने प्रयास थियो ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई छोडेर दश बुँदे सहमति गरी एमालेमै बसेका नेताहरुले असन्तुष्टि जनाएपछि बैठक लम्बिएको थियो । अध्यक्ष ओलीले दश बुँदे सहमति कार्यान्वयन नगरेको भन्दै दश बुँदे सहमति गरेका दश नेताले सार्वजनिक रुपमै असन्तुष्टि जनाएका थिए । विशेषगरी सूदुरपश्चिम, बागमती र प्रदेश २ मा विवाद देखिएको थियो । दश बुँदे सहमति अनुसार, २ जेठ २०७५ अगाडिको एमाले पार्टी संरचना कायम गरिनुपर्ने दश नेताको अडान छ ।

तर अध्यक्ष ओलीलाई भने माधव नेपाल छोडेका नेताहरुसँगै नेकपा (माओवादी केन्द्र) छोडेर एमालेमै बसेका नेताहरु मनाउनुपर्ने बाध्यता समेत छ । त्यसैले अध्यक्ष ओलीले सूदुरपश्चिम प्रदेशमा माओवादी छोडेका लेखराज भट्ट र बागमतीमा रामबहादुर थापा बादललाई इन्चार्ज बनाउनुपर्ने बाध्यतामा छन् । तर २ जेठ २०७५ अगाडि एमाले फर्काउँदा सूदुरपश्चिम प्रदेशमा भीम रावल र बागमतीमा अष्टलक्ष्मी शाक्य इन्चार्ज हुनेछन् ।

भट्ट र बादल नै इन्चार्ज रहने भएपछि दश बुँदे गरेका नेताहरु असन्तुष्ट बनेका थिए । ३-४ असोजको स्थायी कमिटी र ९-११ असोजको केन्द्रीय कमिटी बैठकमा पनि यो विषय उठाइएको थियो । मंसिरमा महाधिवेशन गर्न १५-१७ असोजमा विधान महाधिवेशन गर्नेगरी अगाडि बढेका ओलीले दुवै तर्फका नेताहरु मिलाउन आइतबार स्थायी कमिटी बैठक राखेका थिए ।

लामो सम्वाद पछि दश बुँदे कार्यान्वयनमा देखिएको समस्या हल गर्न कार्यदललाई जिम्मा दिएका छन् । दश बुँदे कार्यान्वयनमा देखिएको समस्या हल गर्ने कार्यदलको संयोजक भीम रावल रहनेछन् भने कार्यदलमा शंकर पोखरेल थपिएका छन् । यसअघि बनेको कार्यदलमा रावल, ईश्वर पोखरेल, विष्णुप्रसाद पौडेल, घनश्याम भूसाल, सुरेन्द्र पाण्डे र लेखराज भट्ट रहने निर्णय भएको थियो । जनसंगठनमा देखिएको समस्या हल गर्ने महासचिव पोखरेलको संयोजकत्वमा विष्णुप्रसाद पौडेल, गोकर्ण बिष्ट र टोपबहादुर रायमाझीलाई जिम्मा दिइएको छ ।

पार्टीभित्र देखिएको समस्या हल गर्दै ओली निर्धारित समयमै विधान महाधिवेशन र दशौं बाँकी पृष्ठ २ मा

# ओलीकै बाटोमा देउवा

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ११ असोज ।

> संसद्मा बहुमत कायम राख्न राजनीतिक दल सम्बन्धी अध्यादेश ल्याएर नेकपा एमाले विभाजन गर्न अध्यादेश ल्याएको प्रधानमन्त्री शेरबहादुर देउवाले आइतबार उक्त अध्यादेश खारेज गरेका छन् ।

सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र) ले मन्त्रिपरिषद् बिस्तारमा देखिएको कानूनी जटिलता हटाएर अगाडि बढ्ने निर्णय गरेको थियो । केन्द्रीय मूख्यालय पेरिसडाडाँमा बसेको स्थायी कमिटी बैठकले सरकार विस्तारमा देखिएको कानूनी जटिलता हटाएर मन्त्रिपरिषद् बिस्तार गर्न गठबन्धनका नेताहरुबीच छलफल गर्ने निर्णय गरेको हो ।

बिहान माओवादी केन्द्रको बैठक बस्यो भने दिउँसो मन्त्रिपरिषद् बैठक बस्यो । बैठकले राजनीतिक दल सम्बन्धी अध्यादेश-२०७८ खारेज गर्ने निर्णय गर्‍यो । मन्त्रिपरिषद्को सिफारिसमा आइतबार साँझ नै राष्ट्रपति विद्यादेवी भण्डारीले 'राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८' खारेज भएको प्रमाणिकरण गरिन् ।

मन्त्रिपरिषद्को निर्णय र प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा नेपालको संविधानको धारा, ११४ को उपधारा, २ को खण्ड (ख) बमोजिम राष्ट्रपतिले अध्यादेश खारेज गरेकी थिइन् । अर्थात् सत्ता साझेदार गठबन्धन र प्रधानमन्त्री देउवा पनि अघिल्ला प्रधानमन्त्री केपी शर्मा ओलीकै पदचापमा हिडेका छन् । आइतबार खारेज भएको अध्यादेश २ भदौमा जारी गरिएको थियो । यो अध्यादेशको प्रयोजन नेकपा एमाले विभाजन थियो ।



प्रतिनिधिसभा बैठक अवरोध गर्दै नेकपा एमालेका सांसदहरु । तस्बिर : रत्न श्रेष्ठ, रासस

वर्तमान सरकारलाई समर्थन गरेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा नेकपा एमाले विभाजन गर्न अध्यादेश ल्याइएको थियो । दोस्रोपटक प्रतिनिधिसभा विघटन गर्ने एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको निर्णय अदालतले बदर गर्दै देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो । परमादेशअनुसार, २९ असारमा प्रधानमन्त्री नियुक्त देउवाले ३ साउनमै विश्वासको मत पाएका थिए । काँग्रेस, माओवादी केन्द्र, जसपा, एमाले र राष्ट्रिय जनमोर्चाका १६५ सांसदले देउवालाई प्रधानमन्त्रीमा विश्वासको मत दिएका थिए । बाँकी पृष्ठ २ मा

# दशैं नजिकिँदा तरलता अभाव

**विभा शर्मा/मध्यान्ह**
काठमाडौं ११ असोज ।

रुपैयाँ पैसाको कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाहरू आर्थिक संकटमा परेका छन् । आर्थिक संकटमा फसेपछि कैयौं बैंकहरुले सानो तिनो ऋण माग्न आउनेलाई समेत 'दशैं पछि गरौंला है' भन्दै पठाउन थालेका छन् ।

बैंकरहरुका अनुसार, राजनीतिक विवादले सरकारको खर्च प्रणाली अवरुद्ध भएर पूँजीगत खर्च ठप्प हुनु र अर्कोतर्फ बैंकहरुसँग भएको निक्षेप विदेशबाट सामान आयातको लागि एलसी खोल्न गर्न प्रयोग भएकोले तरलता अभाव देखिएको हो ।

तरलता अभाव चर्किएपछि बैंकहरुले निक्षेपकर्तालाई आकर्षित गर्न निक्षेपको ब्याज दर बढाएका छन् । तर, अपेक्षा गरेअनुसार, निक्षेप संकलन बढेको छैन । नयाँ निक्षेप गर्दा र पुराना निक्षेपकर्ताले थप रकम जम्मा नगरे पनि खातामा भएको रकम ननिकालुन् भन्ने मनसायले बैंकहरुले निक्षेपको ब्याज बढाउने रणनीति अपनाइरहेका छन् । त्यसको लागि खासगरी ठूला वाणिज्य बैंकहरुबीच प्रतिस्पर्धा चलिरहेको छ ।

छठ सकिदासम्म सरकारको पूँजीगत खर्च अहिलेको तुलनामा बढ्ने र निक्षेपकर्ताले खाताको रकम निकाल्ने क्रम पनि घट्ने भएकोले तरलता अभावको समस्या समाधान हुने अनुमान गरिएको छ ।

बैंकरहरु सरकारले स्थानीय तहलाई दिनु पर्ने पैसा तत्काल भुक्तानी दिने हो भने अहिलेको समस्या धेरै हदसम्म समाधान हुन सक्ने बताउंछन् । तर, सरकारले अहिलेसम्म त्यसबारे कुनै पहल नै नगरेकाले स्थानीय निकायको खातामा तत्काल पैसा जाने र त्यो पैसा बैंकहरुमा जम्मा हुने संभावना देखिएको छैन ।

उच्च अधिकारीहरुका अनुसार, बैंकहरुसँग नयाँ ऋण लगानीका लागि मात्र होइन, अनिवार्य तरलता अनुपात (सीआरआर) कायम गर्न पुग्ने पैसा समेत छैन । नेपाल राष्ट्र वैंकको प्रावधान अनुसार बैंकहरुले कुल निक्षेपको ३ प्रतिशत सीआरआरको लागि रकम छुट्याउनै पर्छ । त्यति रकम नछुट्याउने बैंकहरुलाई राष्ट्र बैंकले कारवाही गर्छ । सिआरआरको लागि छुट्याइने रकमबाट बैंकहरुले कुनै आम्दानी गर्दैन ।

तरलता संकट साउन लागेदेखि नै शुरु भएको थियो । साउन र भदौ जसोतसो धानेका वैंकहरुले असोज लागेदेखि भने धान्नै नसक्ने अवस्था सृजना भएको जानकारी दिएका छन् । 'चाड पर्वको बेला यसै पनि बैंकमा पैसा राख्ने भन्दा निकाल्ने धेरै हुन्छन् । त्यसमाथि हामीले २ महिनाभन्दा लामो बाँकी पृष्ठ २ मा

# भाषा परीक्षामा उत्तीर्णहरुको नाम इजरायली दूतावासमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असोज

वैदेशिक रोजगार विभागले इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा केयर गिभरको रोजगारीमा जान लिएको भाषा परीक्षा उत्तीर्ण १ हजार ६ सय परीक्षर्थीको नामावली नेपालस्थित इजरायली दूतावासलाई बुझाएको छ । भाषा परीक्षामा उत्तीर्ण २ हजार ३९ जनामध्ये अंग्रेजी भाषा परीक्षा उत्तीर्ण गरी तौल तथा तोकिएको उचाइ पुगेका १ हजार ६ सय जना सिफारिस भएका हुन् ।

त्यसमध्ये कम्प्युटर प्रणालीमार्फत ७० प्रतिशत महिला र ३० प्रतिशत पुरुष गरी एक हजार जना छनोट गरिने छ । शुरूमा एक वर्षको करार अवधिका लागि जाने नेपाली कामदार ५ वर्षसम्म भिसा थप गरेर काम गर्न सक्ने व्यवस्था छ । इजरायल जानका लागि १ लाख ६५ हजार ७०० लाग्ने प्रारम्भिक अनुमान छ । जहाज भाडा बढेमा लागत बढ्न सक्ने छ । नेपाली कामदारको मासिक करिब १ लाख ९० हजार रुपैयाँ पारिश्रमिक हुने छ ।

नेपाल सरकार र इजरायल सरकारबीच २०७६ असोज १४ गते भएको सम्झौता अनुसार इजरायलका दीर्घकालीन स्याहार केन्द्रका लागि जिटुजी मोडलबाट नेपाली कामदार पठाउन लागिएको हो । सरकारले एजेन्ट सरहको हैसियतमा कामदार पठाउने कार्य राष्ट्रको स्वाभिमान विपरीत भएकाले खारेजीको माग गर्दै सर्वोच्च अदालतमा परेको एउटा रिट भने सुनुवाइको प्रक्रियामा रहेको छ ।

उता साउदी अरबले अदक्ष विदेशी कामदारका लागि तोकेको न्यूनतम तलबलाई पुनः हेरफेर गर्ने तयारी गरेको छ । अन्तर ाष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार दक्ष, अर्ध दक्ष र अदक्ष कामदारसँगै घरेलु कामदारको समेत तलब वृद्धि गर्ने गृहकार्य भइरहेको छ । साउदी अरबले हालको तलबमा कम्तीमा १० प्रतिशतसम्म तलब वृद्धि गर्ने तयारी रहेको बताइएको छ ।

साउदी अरबको प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्रालयले श्रमिकको न्यूनतम तलबमा हेरफेर गर्ने गरेको छ । पश्चिमी मुलुकहरूले साउदीमा कार्यरत विदेशी कामदारको तलब न्यून रहेको र उनीहरूको मानवअधिकार समेतको संरक्षण हुन नसकेको टिप्पणी गर्दै आएका छन् ।

## वैदेशिक रोजगार विशेष

### दक्षिण कोरियामा पुनः बढ्यो संक्रमण

**काठमाडौं/रासस–** दक्षिण कोरियामा कोरोना भाइरसको संक्रमण फेरि ह्वात्तै बढेको छ । कोरिया रोग नियन्त्रण तथा रोकथाम विभागका अनुसार शनिबार नयाँ संक्रमितको संख्या तीन हजार २७३ पुगेको छ । योसँगै कोरियामा दैनिक संक्रमितको संख्या पहिलो पटक तीन हजार नाघेको छ । त्यहाँ गत सोमबारदेखि कोरियन दशैं (छुसक) को तीनदिने बिदा थियो । यो बेला मानिसको अत्यधिक चहलपहल भयो । त्यसैले पनि यो अवस्था आएको अनुमान गरिएको छ । सरकारले उक्त समयमा सामाजिक दूरीको नियमलाई समेत हल्का खुकुलो बनाएको थियो ।

बिदाका अवसरमा लाखौं मानिस आफ्नो कार्यस्थलबाट घर फर्किएकाले संक्रमितको संख्या बढेको हो । संक्रमणकै कारण कोरोना परीक्षण गर्नेको लाइन पनि लामो हुने गरेको छ । शुक्रबारको तुलनामा शनिबार कूल संक्रमितको सङ्ख्या ८३९ ले बढी हो । शनिबार थपिएका कूल संक्रमितमध्ये तीन हजार २४५ स्थानीय संक्रमित छन भने बाँकी बाहिरबाट संक्रमित भई आउने छन् ।

कोरोना संक्रमितको संख्या बढ्नेक्रमसँगै सरकारले खोप कार्यक्रमलाई पनि तीव्र गतिमा अगाडि बढाएको छ । बाँकी पृष्ठ २ मा

**UAE मा PSBD SECURITY GUARD हरुलाई रोजगार**

**Al Jaber Security Company LLC**

पूर्व स्वीकृत मितिः २०७८/०६/११ | चलानी नं.: ६०१६३९७३ | LT No.: 246959

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 55 | 0 | काममा दक्ष | 2000 | ६४,३०३/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

Basic Salary AED 2000 भएतापनि Allowance सहित AED 2770 हुनेछ ।

उमेर : 21 देखि 40 बर्ष, उचाई : 5.6 भन्दा माथि, SLC पासका साथै, अंग्रेजी बोल्न, लेख्न र पढ्न सक्ने साथै सम्बन्धीत कामको अनुभव भएकाहरुलई विशेष प्राथमिकता दिईनेछ ।

यसै कम्पनीको लागि Female Security Guard हरुको पनि माग भएकाले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता कम्पनीको प्रतिनिधि बाट २०७८ असोज १६, १७ र १८ गते (Oct. 2, 3 & 4 2021) एति पार्टि प्यालेस बसुन्धारा काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुढानगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Gov. Lic. No.: 984/067/068

**SAB International Human Resource Pvt. Ltd.**
Baluwakhani Road, Basundhara (Behind Mother House), Kathmandu
Tel: 01- 4016509, 4016503, 9818258132, 9818354280
9816138559, 9813367848, 9851051560

# संसद् अवरुद्ध : दोषी को ?

## आरोप-प्रत्यारोपमा सत्तापक्ष र प्रतिपक्ष सांसद्हरू

**विना श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ११ असोज

प्रमुख विपक्षी दल नेकपा एमालेले गत भदौ २३ गतेदेखि निरन्तर संसद बैठक अवरोध गर्दै आएको छ। सरकारले एमालेको अवरोधका बाबजुद बजेट पास गर्‍यो । लगातार भएको संसदको अवरुद्धलाई लिएर सत्ता पक्ष र प्रतिपक्ष दलका नेताहरु आरोप प्रत्यारोपमा उत्रिएका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकपछि जनता समाजवादी पार्टीका संघीय परिषद अध्यक्ष डा. बाबुराम भट्टराईले नेकपा एमालेका सांसदहरुलाई पदबाट राजीनामा दिन चुनौती दिएका छन् ।



डा. भट्टराईले २/२ पटक संसद विघटन गर्ने एमालेलाई संसदमा प्रवेश गर्न नै लाज हुनुपर्ने टिप्पणी गरे । अध्यक्ष भट्टराईले सर्वोच्चको फैसला मान्दैनौ भन्ने एमालेले संविधानको सर्वोच्चता र संसदीय मर्यादाको कुरा गर्नु लाजमर्दो विषय भएको बताए ।

'जसले संसदलाई २-२ चोटी विघटन गर्छ। ती मान्छेहरुले लाजै पचाएर संवैधानिक सर्वोच्चता कायम गर भन्ने । सर्वोच्चको फैसला मान्दैनौं भन्ने अनि संवैधानिक सर्वोच्चता भन्ने ? अनि संसदीय मर्यादा कायम । जुन संसदलाई विघटन गरिसक्यो, उसले त्यो संसदमा आउन त लाज हुनुपर्ने हो' आफूले विगतमा माओवादी छाडेपछि सांसद पदबाट राजीनामा दिएको स्मरण गर्दै उनले भने, 'उहाँहरुमा अलिकति पनि नैतिकता छ भने राजीनामा गरेर जनताबीच जानुपर्छ ।'

नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइरालाले सभामुखले माधव नेपालसहितका १४ जना सांसदहरुलाई पदमुक्त गराउन नसक्ने बताएका छन् । कोइरालाले अध्यादेशबाट दल विभाजन भइसकेको अवस्थामा सभामुख अग्नी सापकोटाले नेपालसहितका सांसदहरुलाई पदमुक्त गराउन नमिल्ने प्रतिक्रिया दिए । कानुन बमोजिम दल विभाजन भएकाले सभामुखले संसदमा एमालेले उठाएको माग सम्बोधन गर्न नसक्ने बताए । तर प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका नेता खगराज अधिकारीले लगातार संसदमा विरोध हुँदा पनि सरकारले तमासा हेरेर बसेको आरोप लगाए । अधिकारीले अकस्मात संसद बन्द गरी दलीय व्यवस्थालाई समाप्त गर्ने सत्ता गठबन्धनको षड्यन्त्रको जारी रुप संसदमा देखिएको धारणा राखे ।

सांसद् अधिकारीले सरकारले देशलाई नै कालोसूचीमा पार्न खोजेको आरोप लगाएका छन्। बजेट अध्यादेश प्रतिस्थापन विधेयकमा २१-२२ अर्ब रुपैयाँ कालोधनलाई वैधानिकता दिने प्रावधान राखेर सरकारलाई नेपाललाई नै कालोसूचीमा राख्ने प्रयास गरेको उनको आरोप छ। सांसद् अधिकारीले भने, 'हुँदाहुँदा लुटिएका झण्डै २१-२२ अर्ब अन्तर्राष्ट्रिय कानून, आतंककारी कानुन समेत आकर्षित हुने कानूनलाई समेत उल्लंघन गरेर यो देशलाई नै कालोसूचीमा पार्ने गम्भीर बाटोमा सरकार गइरहेको छ ।'

नेकपा एमालेले आफ्नो पार्टीले कारवाही गरेको माधव नेपाल सहितका १४ जना सांसदलाई सभामुख अग्नी सापकोटाले पदमुक्त नगरेको भन्दै संसद अवरुद्ध गर्दै आएको छ। एमालेले सोमबार पनि दुवै संसदका बैठक अवरुद्ध गरेको छ ।

# भूमि आयोग खारेजी मुद्दा

## सर्वोच्चद्वारा मन्त्रिपरिषद् निर्णयको फाइल झिकाउन आदेश



**विष्णु लक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, ११ असोज

सर्वोच्च अदालतले भूमिसम्बन्धी समस्या समाधान आयोग खारेजीविरुद्धको मुद्दामा मन्त्रिपरिषद्को निर्णयको फाइल झिकाउने आदेश दिएको छ । सोमबार न्यायाधीशद्वय दीपककुमार कार्की र प्रकाशकुमार ढुंगानाको संयुक्त इजलासले फाइल झिकाउने आदेश दिएको हो ।

तत्कालीन भूमि आयोगका अध्यक्ष देविप्रसाद ज्ञवालीसहितले दायर गरेको रिटमा सोमबार सुनुवाइ गर्दै इजलासले शेरबहादुर देउवा सरकारले खारेज गर्ने भनि गरेको निर्णय पेश गर्न भनेको हो । विघटित आयोगका अध्यक्ष ज्ञवालीसहित पाँच जनाको रिटमा सुनुवाइ गर्दै सर्वोच्चले तत्काल अन्तरिम आदेश जारी गर्न भने अस्वीकार गरेको छ ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ (ख)को उपदफा (६) बमोजिम २०७६ चैतमा देवी ज्ञवालीको अध्यक्षतामा आयोग गठन गरेको थियो ।

गत साउन १९ मा प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले मन्त्रिपरिषद् निर्णयमार्फत आयोग खारेजीको निर्णय गरेको थियो ।

त्यसपश्चात ज्ञवालीले साउन २४ गते आयोग खारेजीको निर्णय गैरकानुनी भएको जिकिर गर्दै सर्वोच्चमा रिट दायर गरेका थिए । उक्त रिटमा प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चले सरकारसँग लिखित जवाफ माग गरेको थियो ।

भूमि सम्बन्धी ऐन, २०२१ अनुसार गठन भएको आयोग सरकार परिवर्तन हुनेवित्तिकै खारेज हुन नसक्ने र सरकारको यो निर्णयले जग्गा वितरणको अन्तिम अवस्थामा रहेको निर्णयमा अपूरणीय क्षति पुग्ने ज्ञवालीको रिटमा उल्लेख छ ।

ज्ञवालीले पहिलो सुनुवाबाटै आयोगलाई निरन्तर गरि काम गर्नू गराउनू भनि अन्तरिम आदेश जारी हुनुपर्ने मागदाबी गरेका छन्। लामो समयपछि सुकुम्वासीहरुले जमिन पाउन लागेको अवस्थामा आयोग नै खारेज भएकाले उत्प्रेषणको आदेशले बदर हुनुपर्ने रिटमा मागदाबी गरिएको छ ।

तर वर्तमान सरकारले भने आयोग सुकुम्वासी समस्या समाधान गर्ने भन्दा जग्गा वितरण गर्ने, कार्यकर्ता भर्ति गर्ने र हदबन्दी भन्दा धेरै भएको जग्गा वितरणमा संलग्न रहेको दाबीसहित खारेज गरिएको जनाएको थियो। सरकारले त्यसको विकल्पमा अर्को आयोगसमेत गठन गरेको छ ।

**मन्त्रिपरिषद् निर्णय**

# तेजाबसहित ३ विधेयक संसदमा पेश गरिने

## समाज कल्याणका सदस्यहरूको राजीनामा स्वीकृत, गोरखापत्रको कार्यकारी अध्यक्षमा सुवेदी

**काठमाडौं/मस-** सरकारले तेजाब नियन्त्र, शपथ र प्रहरी समायोजनसम्बन्धी ३ वटा विधेयक संघीय संसदमा पेश गर्ने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले ३ वटा विधेयक संघीय संसद्मा पेश गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता एवं कानुन, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले सपथ सम्बन्धमा व्यवस्था गरेको विधेयक, नेपाल प्रहरी र प्रदेश प्रहरी कार्यसञ्चालन विधेयक र तेजाब तथा घातक रसायन नियन्त्रणका सन्दर्भमा बनेको विधेयक संसदमा पेस गर्ने निर्णय भएको जानकारी दिए ।

केपी ओली नेतृत्वको अघिल्लो सरकारले तेजाब नियन्त्र, प्रहरी समायोजन र शपथ सम्बन्धी अध्यादेश ल्याएको थियो । संघीय संसदमा ६० दिनसम्म पनि प्रतिस्थापन विधेयक नल्याइएका कारण ती अध्यादेशहरु निस्क्रिय भएका थिए ।



अघिल्लो सरकारले अध्यादेशका रुपमा ल्याएको कानुनको आवश्यकता रहेको भन्दै शेरबहादुर देउवा नेतृत्वको सरकारले विधेयक पेश गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद्को सोमबारको बैठकले समाज कल्याण परिषदबाट राजीनामा दिएका सबैको राजीनामा स्वीकृत गर्ने निर्णय पनि गरेको छ । उनीहरुले असोज ८ गते परिषद्को कार्यालय पुल्चोकमा पत्रकार सम्मेलन गरेर सामूहिक राजीनामा दिएको घोषणा गरेका थिए । उनीहरुले नियुक्त भएको एक वर्ष पूरा भएपछि राजीनामा दिएका थिए । सामूहिक राजीनामा दिनेमा उपाध्यक्ष खतिवडासँगै कोषाध्यष लोकनाथ सुवेदी, सदस्य सचिव पुष्कर खाती, सदस्य मणिराम बञ्जाडे, गोविन्द शाही, नानीमाया थापा, ब्रम्हध्वज गुरुङ र सुशील ज्ञवाली रहेका थिए । परिषद्का उपाध्यक्षसहित सबै पदाधिकारी तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले २०७७ साउन ५ गते उपाध्यक्ष र सदस्य सचिवसहित पाँच सदस्य तथा त्यसै वर्षको भदौ १ गते कोषाध्यक्ष र दुई जना सदस्य नियुक्त गरेको थियो ।

उनीहरुलाई समाज कल्याण परिषद् ऐन, २०४९ को दफा ५ को उपदफा ९२० को खण्ड (ढ) बमोजिम चार वर्षका लागि नियुक्त गरिएको थियो । यस्तै बीपी कोइराला राष्ट्रिय पुरस्कार स्थापना गर्ने र गोरखापत्र संस्थानको कार्यकारी अध्यक्षमा पत्रकार विष्णुप्रसाद सुवेदीलाई नियुक्त गर्ने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको छ । पत्रकार सुवेदीले यसअघि अन्नपूर्ण पोष्ट डटकम, नेपाल समय डटकम र नेपालतारा डटकमको सम्पादक भएर काम गरिसकेका छन् ।

### ओलीकै...

देउवालाई विश्वासको मत दिने माधव नेपाल सहित २२ सांसदलाई एमालेबाट अलग गरेर नयाँ दल गठन गर्न अध्यादेश ल्याइएको थियो । राजनीतिक दल सम्बन्धी ऐनले दल विभाजन गर्न केन्द्रीय कार्य समिति र संसदीय दलमा ४०/४० प्रतिशत हुनुपर्ने व्यवस्था गरेको थियो । तर माधव नेपालले यो व्यवस्था अनुसार दल विभाजन गराउन सक्दैनथे ।

त्यसैले केन्द्रीय कमिटी वा संसदीय दलमा २० प्रतिशत भएपनि दल विभाजन गराउन सकिने व्यवस्था सहित अध्यादेश जारी भयो । अध्यादेशअनुसार एमाले विभाजन भएपछि भने अध्यादेश फिर्ता खारेज भएको छ । एमाले अध्यक्ष ओलीले पनि सत्ता जोगाउन दुई पटक संसद् विघटन गरेका थिए भने अध्यादेशकै बलमा सरकार चलाउन खोजेका थिए । जसलाई सर्वोच्च अदालतले रोकेका थिए । तर प्रधानमन्त्री देउवा र सत्ता गठबन्धन पनि ओलीकै बाटो हिडेका छन् । अध्यादेश ल्याएर दल विभाजन पछि अढाइ महिनापछि मन्त्रिपरिषद् बिस्तारको तयारी अगाडि बढाइएको छ । सत्ता जोगाउने प्रयोजनकै निम्ति प्रधानमन्त्री देउवाले पाँच मन्त्री र एक राज्यमन्त्रीको भरमा सरकार चलाइरहेका छन् ।

### असन्तुष्ट...

महाधिवेशन गर्ने योजनामा छन् । त्यसैअनुसार, विधान महाधिवेशनको तयारीलाई पनि तीव्र पारिएको छ । केन्द्रीय कार्यालय सचिव शेरबहादुर तामाङका अनुसार, विधान महाविधेशनको व्यवस्थापन लगभग पूरा भएको छ ।

गोदावरीस्थित सनराइज सम्मेलनमा गर्न लागिएको महाविधेशनको व्यवस्थापनको तयारी पूरा गरिएको हो । मञ्च व्यवस्थापन समितिका संयोजक विनोद श्रेष्ठ र केन्द्रीय सदस्य तथा महाधिवेशन प्रचारप्रसार समिति संयोजक खिमलाल भट्टराईले महाधिवेशनस्थल पुगेर तयारीबारे जानकारी लिएका थिए । महाधिवेशनसभास्थलको तयारी पूरा गरिएको मञ्च व्यवस्थापन समितिका संयोजक श्रेष्ठले बताए ।


### दश....

समयदेखि तरलता समस्या भोगिरहेका छौं' नाम उल्लेख गर्न नचाहने एक जना बैंकर भन्छन् । उनका अनुसार, एक साताभित्र अहिलेको समस्या समाधान नभए बैंकहरुको विचल्ली हुने अवस्था छ ।

उच्च मात्रामा तरलता समस्या झेलिरहेका बैंकहरुले अहिले स्थायी तरलता सुविधा (एसएलएफ) कोषको रकम चलाएर समस्या टारिरहेका छन् । तर, अब त्यो कोषले पनि धान्न सक्ने अवस्था छैन । साउन लागे यता अहिलेसम्म बैंक तथा वित्तीय संस्थाहरुले ११ पटक सिएलएफको रकम प्रयोग गरिसकेका छन् । पछिल्लो पटक अस्ति आइतबार आइतबार २१ अर्ब ९४ करोड रुपैयाँ एसएलएफको रकम खर्च गरिएको छ । गत साता लगातार तीन दिन मंगलबार, बुधबार र बिहीबार जम्मा करिब ७८ अर्ब रुपैंया चलाएका थिए । एसएलएफको म्याद सात दिनको हुन्छ । त्यो मितिमा रकम फेरि एसएलएफमा जम्मा गर्नैपर्छ । अघिल्लो साता चलाएको रकम जम्मा गर्न नसक्ने अवस्था भएकाले आफूहरु चिन्तित रहेको बैंकरहरुको भनाइ छ ।

# परराष्ट्रमन्त्री खड्का र भारतका विदेशमन्त्रीबीच भेटवार्ता

काठमाडौं/मस- संयुक्त र ाष्ट्रसंघको ७६औं महासभामा भाग लिने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै हाल न्युयोर्कमा रहेका परराष्ट्रमन्त्री डा नारायण खड्का र भारतका बाह्य मामिलामन्त्री डा एस जयशंकरबीच भेटवार्ता भएको छ।



भेटवार्तामा उनीहरुबीच नेपाल-भारत सम्बन्धलाई थप सुदृढ गर्ने विषयका साथै दुई पक्षीय एवं बहुपक्षीय मामिलाबारे विचार आदानप्रदान भएको संयुक्त राष्ट्रसंघका लागि न्युयोर्कस्थित स्थायी नेपाली नियोगले जनाएको छ । '

दुवै देशका परराष्ट्रमन्त्रीले कोभिड-१९ ले नेपाल र भारतका जनताको जीवन र आजिविकामा निम्त्याएको चुनौतीको मिलेर सामना गर्न सहमति जनाउनुभयो,' नियोगले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ। मन्त्री डा खड्काले नेपालको सामाजिक, आर्थिक विकासका निम्ति भारत सरकारबाट निरन्तर प्राप्त सहयोगप्रति कृतज्ञता ज्ञापन गरेको विज्ञप्तिमा जनाइएको छ ।

त्यस्तै मन्त्री डा खड्काले नेपालको महावाणिज्य दूतावासको निरीक्षण गरी प्रभावकारी ढङ्गले कन्सुलर सेवा प्रवाह गर्न तथा आर्थिक, कूटनीतिलाई विशेषरुपमा अघि बढाउन निर्देशन दिए ।

मन्त्री खड्का गैरआवासीय नेपाली सङ्गठनले आयोजना गरेको अर्को कार्यक्रममा सहभागी भई मातृभूमिको सामाजिक, आर्थिक विकासका निम्ति लगानी, पर्यटन प्रवर्द्धनलगायत क्षेत्रमा लगानी जुटाउन आह्वान गरेको पनि उक्त नियोगले जनाएको छ । मन्त्री डा खड्का नेतृत्वको प्रतिनिधिमण्डल मंगलबार स्वदेश फर्कने छ ।

### दक्षिण...

हालसम्म ७० प्रतिशतभन्दा धेरैले पहिलो मात्राको खोप लगाइसकेका छन् भने दुवै मात्रा लगाउनेको संख्या ४२ प्रतिशत नाघेको छ । सरकारले दुई मात्राबीचको समयावधिलाई समेत छोट्याउनाका साथै दोस्रो मात्राको कार्यक्रमलाई समेत तीव्र पार्ने बनाएको छ ।


**आवश्यकता**

यस प्रतिष्ठित मेनपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएकोले दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र र बायोडाटाका साथ सम्पर्क गर्नुहोला ।

1 ACCOUNTANT - 2 M/F
2 DOCUMENTATION- 5 M/F
3 PRO - 5 M/F

तलब आपसी समझदारीमा

कम्प्युटरमा दक्ष र सम्बन्धित क्षेत्रमा कम्तीमा २ बर्षको अनुभव हुनुपर्नेछ ।

**सम्पर्क नं.: ९८०३९३११४७**



**Saudi मा रोजगार** | कम्पनी: TRANSGULF READYMIX CONCRETE CO.
शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०६/११ चलानी नं.: ६०१६४०६५ LT. No.: 246703

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 10 | 0 | स. काममा दक्ष | 1900 | ५९,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १९ गते (5 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Kamkhya
Gov. Lic No. 1395/074/075

**KAMKHYA OVERSEAS Pvt. Ltd.**
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4473943, 9845991112, 9851071362, 9851225335
Email : kamakhyaoverseas@gmail.com, Web.: www.kamakhyaovs.com



**साउदीमा रोजगार** | १. कम्पनी : FAISAL MOHSEN AL QAHTANI TRADING EST
शहर: Riyadh

पूर्व स्वीकृत मिति: २०७८/०६/११ चलानी नं.: ६०१६४०४६ L.T. No.: 246349

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ZAHRAT AL QASSIM VETERINARY CLINIC शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०६/११ चलानी नं.: ६०१६४०४३ L.T. No.:246645

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : AL NAHDAH READYMIX FACTORY शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०६/११ चलानी नं.: ६०१६४०४४ L.T. No.:246644

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole vehicle Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५६,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : QARYAT AL TAWFER MARKETS COMPANY शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०६/११ चलानी नं.: ६०१६४०४५ L.T. No.:246587

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : ABDULLA FALEH MASOUD AL SHARARI TANKS शहर: GURAIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/११ चलानी नं.: ६०१६४०६१ L.T. No.:246901

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PUBLIC CAR DRIVER | 2 | 0 | स. काममा दक्ष | 1800 | ५६,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी : TALINA FACTORY FOR INDUSTRY शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०६/११ चलानी नं.: ६०१६४०६० L.T. No.:246903

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 2 | 0 | | 1500 | ४७,०४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १९ गते (5 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

# नेपालमा २८ प्रतिशत बढीले लगाए कोरोनाविरुद्धको खोप

## १२ सय बढी संक्रमित थपिए, १२ सय बढी नै संक्रमणमुक्त, ७ जनाको मृत्यु

**सानुराज डंगोल/मध्यान्ह**
काठमाडौं, ११ असोज

नेपालमा हालसम्म २८ प्रतिशतभन्दा बढी व्यक्तिले कोरोना भाइरसविरुद्धको पूर्ण मात्रा खोप लगाएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार २८.३ प्रतिशतले पूर्ण मात्रा खोप लगाएका हुन् । अर्थात् ६१ लाख ६५ हजार ६२ जनाले पूर्ण मात्रा खोप लगाएका छन् । त्यसैगरी ३१.२ प्रतिशत (६९ लाख ९३ हजार ४५६ जना) ले पहिलो मात्रा खोप लगाइसकेका छन् ।

सरकारले कूल जनसंख्याको ७२ प्रतिशत अर्थात् दुई करोड १५ लाख जनसंख्यालाई कोरोनाविरुद्धको खोप लगाउने लक्ष्य लिएको छ। जसमा वैदेशिक रोजगारी वा अन्य कारणले देशबाहिर रहेका र बालबालिकाहरुको संख्या भने समावेश गरिएको छैन ।

सरकारले दशैं अघिसम्म लक्षित जनसंख्यामध्ये एकतिहाईलाई खोप लगाइसक्ने लक्ष्य राखेको छ । पछिल्लो २४ घण्टामा देशभर तीन लाख १२ हजार ८७४ व्यक्तिले खोप लगाएका छन् । नेपालमा अक्सफोर्ड एस्ट्राजेनेका, भेरोसेल र जोन्सन एन्ड जोन्सन खोप प्रयोग भइरहेको छ ।



शुक्लाफाँटा नगरपालिका– १० झलारीस्थित स्वास्थ्य चौकीमा कोरोनाविरुद्धको खोप लगाउन पुगेका स्थानीय बासिन्दा ।
*तस्वीर : रासस*

### काठमाडौंमा खोप अभियान

यसैबीच सोमबारदेखि काठमाडौं जिल्लामा कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा लगाउन शुरु गरिएको छ । जिल्ला स्वास्थ्य कार्यालय काठमाडौंले काठमाडौं महानगरपालिका, कीर्तिपुर नगरपालिका, चन्द्रागिरी नगरपालिका, नागार्जुन नगरपालिका, तार्केश्वर नगरपालिका, दक्षिणकाली नगरपालिका, बुढानिलकण्ठ नगरपालिका, टोखा नगरपालिका, गोकर्णेश्वर नगरपालिका, शंखरापुर नगरपालिका र कागेश्वरी मनोहरा नगरपालिकामा तोकिएका खोप केन्द्रमा खोप लगाउन अनुरोध गरेको छ।

त्यसबाहेक काठमाडौं महानगरभित्र नेपाल प्रहरी अस्पताल महाराजगन्ज, सशस्त्र प्रहरी बल अस्पताल बलम्बु, वीर अस्पताल, शिक्षण अस्पताल महाराजगन्ज, निजामति अस्पताल बानेश्वर, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल थापाथली र वीरेन्द्र सैनिक अस्पताल छाउनीमा समेत खोप लगाउने व्यवस्था गरिएको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ।

### १२ सय बढी संक्रमित थपिए

पछिल्लो २४ घण्टामा देशभर एक हजार २८२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा देशभरका प्रयोगशालामा गरिएको १५ हजार ४८८ जनाको पीसीआर र एन्टीजेन परीक्षणमा एक हजार २८२ जनामा संक्रमण पुष्टि भएको हो ।

स्वास्थ्य मन्त्रालयका अनुसार १२ हजार ८१ जनाको पीसीआर परीक्षण गर्दा ९७५ र तीन हजार ४०७ जनाको एन्टीजेन परीक्षण गर्दा ३०७ जनामा संक्रमण पुष्टि भएको हो। त्यस्तै देशभर एक हजार २६२ जना संक्रमित निको भई डिस्चार्ज भएका छन् । पछिल्लो २४ घण्टामा सात जना संक्रमितको मृत्यु भएको छ ।

देशभर १८ हजार ८४८ जना सक्रिय संक्रमित रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। तीमध्ये १७ हजार ५३५ होम आइसोलेसनमा रहेका छन् । संस्थागत आइसोलेसनमा एक हजार ३१३ संक्रमित छन् भने ३८५ जना आइसीयुमा र १२५ जनाको भेन्टिलेटरमा राखी उपचार भइरहेको छ । देशभर २५६ जना क्वारेन्टिनमा रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

## उपत्यका डायरी

दिपेन्द्र श्रेष्ठ

# सरकारी नीतिले किसानलाई सास्ती

कृषि मन्त्रालय मातहतको सरकारी निकायबाटै किसान ठगिइरहेको व्यवसायीहरुले दावि गरेका छन् । मलखाद व्यवसायी संघको दोस्रो महाधिवेशनको क्रममा सोमबार काठमाण्डौमा आयोजित कार्यक्रममा व्यवसायीहरुले त्यस्तो दावि गरेका हुन् उनीहरुले कृषि मन्त्रालयका उच्च अधिकारीहरुकै अगाडि साल्ट ट्रेडिङ्ग र कृषि सामाग्रि कम्पनीले रसायनिक मलमा कालो बजारी गरिरहेको दावी गरेका हुन् । चितवनका व्यबसायी रेशम रावलले ती दुईबटा सरकारी निकायले बिक्री वितरण गर्ने मलमा प्रति बोरा ५ किलो भन्दा धेरै ठग्ने गरेको बताए । उनका अनुसार एक बोरा मलमा ५० किलो २५० ग्राम हुनुपर्नेमा ती दुवै निकायले बिक्री गर्ने बोरामा केवल ४५ किलो १२० ग्राम मात्र हुन्छ ।

चितवनकै अर्का ब्यबसायी लक्ष्मी बस्नेतले सरकारले मल व्यवसायीको दर्ता गर्दा पनि सहजीकरण गर्न नसकेको तर अनेक झण्झट सृजना गर्ने गरेको दावि गरिन । विउ ब्यवसायी संघका अध्यक्ष मणिदेब भट्टराईले पनि नेपाली किसानहरुले कहिल्यै पनि समयमा मल बीउ समयमा पाउन नसकेको बताउंदै किसानको समस्या प्रति सरकार कहिल्यै पनि गंभिर नभएको बताए ।

कार्यक्रममा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिव डा कृष्णप्रसाद आचार्यले व्यवसायीले उठाएको समस्या समाधानको लागि आफूहरुले सक्दो प्रयत्न गरिरहेको बताए । कार्यक्रममा कृषि मन्त्रालयका अर्का सचिव डा गोविन्दप्रसाद शर्माले किसानको खेतबारीमा चाहिएको समयमा मल पुऱ्याउन आफूहरुले विभिन्न निकायसंग सम्वन्वयमा काम गरिरहेको बताए ।

महाअधिवेसनले चन्द्रकान्त डल्लाकोटीको अध्यक्षतामा २१ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । कार्य समितिको वरिष्ठ उपाध्यक्ष गौरिश्वर कंडेल, उपाध्यक्षहरु जीवन पौडेल, उज्वल घिमिरे र बसन्ता श्रेष्ठ, महासचिव इश्वरी अर्याल, सचिव सुरेशचन्द्र घिमिरे, कोषाध्यक्ष बिष्णुराज बुर्लाकोटी, सदस्यहरुमा क्रमशः मदन राजभण्डारी, पुण्य कुमारी कुमाल, कुल बहादुर लम्साल, प्रेम बहादुर कुवर, जयनारायण अधिकारी, गुण बहादुर बन्जरा, कृष्णहरि बर्तौला,सोमनाथ बराल, तुलसीराम पाठक, रामशरण कोइराला र पुष्पराज भट्ट रहेका छन् ।

# रेबिज दिवसको अवसरमा भ्याक्सिन कार्यक्रम



विश्व रेबिज दिवसको अवसरमा नेपाल पारा भेटेनरी एण्ड द लाइफस्टक एसोसियसन त्रिपुरेश्वरको आयोजना तथा मध्यपुर एनिमल वेलफेयर सोसाइटीको संयोजनमा १५ औं विश्व रेबिज दिवसको अवसर पारेर भक्तपुरका ५ सय कुकुरहरुलाई निःशुल्क रेबिज भ्याक्सिन कार्यक्रम आयोजना गरिएको छ ।

चाँगुनारायण नगरपालिकाको वडा २, ३ मध्यपुरको २, ६ बालकोटको केही वडामा कार्यक्रम आयोजना गरिएको र भक्तपुरको जिल्ला पशु विज्ञ केन्द्र दुधपाटीमा कार्यक्रम गरिएको नेपाल पाराका केन्द्रीय सदस्य चिना लामाले मध्यान्हलाई बताइन्।

अल्पविकसित ठाउँमा छाडा कुकुरहरुको प्रजनन् बढेकाले संस्थाले कुकुरहरुको बन्ध्याकरण पनि बेलाबेला गर्दै आइरहेको र रेबिज दिवसको अवसर पारेर भ्याक्सिन कार्यक्रम सञ्चालन गरेको मध्यपुर एनिमल वेलफेयरका सचिव सविता श्रेष्ठ बताउँछिन् ।

रेबिज जस्तो प्राणघातक रोगबाट पशु तथा मानव सुरक्षित राख्नका लागि सरकारको निरन्तर सहयोगको अपेक्षा रहेको पनि उनले बताइन् । मध्यपुर नगरपालिकाले यस वर्ष छाडा कुकुरहरुको बन्ध्याकरण तथा रेबिज भ्याक्सिनका लागि १४ लाख रुपैयाँ छुट्याएको उनले बताइन् । पशु चिकित्सक उमेशलाल प्रधानले सप्ताहव्यापी कार्यक्रममा सहयोग पुऱ्याइरहेका छन् ।

# ईट्टा उद्योग व्यवसायी संघ बाँकेको साधारणसभा सम्पन्न, अध्यक्षमा वली

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज (बााके), ११ असोज

नेपाल ईट्टा उद्योग व्यवसायी संघ बाँकेको अध्यक्षमा देव कुमार वली सर्वसम्मत चयन भएका छन् । संघको १९ औं साधारण सभा तथा छैटौं अधिवेशनले वलीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

संघको वरिष्ठ उपाध्यक्ष पदमा जय नेपाल ईट्टा उद्योगका सत्तार खाँ, प्रथम उपाध्यक्ष सफल ईट्टा उद्योगका राम चन्द्र शाह, द्वितीय उपाध्यक्ष पदमा अमन ईट्टा उद्योगका अतिकुर रहेमान (पप्पु), उपाध्यक्ष पदमा ओ.पी.सी. ईट्टा उद्योगका याम बहादुर गोदार र राम ईट्टा उद्योगका बिनोद कुमार जायसवाल (तमोली), महासचिव पदमा ग्लोबल ब्रिक इण्डष्ट्रिजका केशव भण्डारी, कोषाध्यक्ष पदमा श्रद्धा ईट्टा उद्योगका सुधीर प्रताप सिंह चयन भएका छन् । संघको पहिलो सचिव पदमा पी.बी.सी. ईट्टा उद्योगका दिपक अधिकारी, दोस्रो सचिव पदमा चाचा ईट्टा उद्योगका रिजुवान खान र तेस्रो सचिव पदमा किसान ईट्टा उद्योगका सिरताज अली कसगरलाई चयन भएका छन् ।

कार्यसमितिको सदस्यमा राम ईट्टा उद्योगका रामबाबु गुप्ता, पानस ईट्टा उद्योगका सूर्य प्रसाद अर्याल, राज ईट्टा उद्योगका इशरर अली शेष, ताज ईट्टा उद्योग तथा शान्ति ईट्टा उद्योगका मुजिवुल रहमान खाँ, के.जी.एन. ईट्टा उद्योगका विजय प्रसाद साह, जे.एम.एल. ईट्टा उद्योगका जमील खाँ चयन भएका छन् ।



संघको सधारणसभा एक कार्यक्रमबीच बबई रिसोर्टमा सम्पन्न भएको हो । नेपाल ईट्टा उद्योग व्यवसायी संघ बाँकेका अध्यक्ष तथा ताज ईट्टा उद्योगका जैनुल खाँको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि घरेलु तथा साना उद्योग कार्यालय बाँकेका उद्योग अधिकृत उजिर प्रसाद न्यौपाने, बिशिष्ठ अतिथि नेपाल घरेलु तथा साना उद्योग महासंघ बाँकेका अध्यक्ष मधु खडका, नेपालगन्ज उप-महानगरपालिका वार्ड नं.-६ का वडाध्यक्ष समीर प्रताप सिंहको विशेष अतिथिमा, अडनका केन्द्रीय उपाध्यक्ष अब्दुल करीम खाँको आतिथ्यमा सम्पन्न भएको थियो ।

विगत १९ वर्षदेखि बाँके जिल्लामा ईट्टा व्यववसायीहरुको हक हितका लागी कार्य गर्दै आएको ईट्टा उद्योगीहरुको छाता संगठन नेपाल ईट्टा उद्योग व्यवसायी संघ बाँकेको बर्दिया जिल्लाको ठाकुरद्वारा नगरपालिकास्थित बबई रिसोर्टमा असोज ९ गते शनिबार नेपाल ईट्टा उद्योग व्यवसायी संघ बाँकेले १९ औ साधारण सभा सम्पन्न भैई छैंठौं अधिवेशनले देउती ईट्टा उद्योगका देव कुमार वलीलाई अध्यक्ष पदमा सर्वसम्मत रुपमा चयन गरेको छ ।

यसैगरी सो कार्यक्रममा नेपाल ईट्टा उद्योग व्यवसायी संघ बाँकेका निवर्तमान अध्यक्ष ताज ईट्टा उद्योगका जैनुल खाँले नयाँ कार्य समितिलाई माइन्यूट बुक हस्तान्तरण गर्दै सफल कार्यकालको लागी समितिलाई शुभकामना सहित धन्यवाद व्यक्त गरेका थिए । यसैगरी संस्थाको सम्पूर्ण निवर्तमान टिमले गरेको योगदानको उच्च मूल्यांकन गर्दै प्रमाणपत्र र मायाको चिनो प्रदान गरिएको संघका कार्यालय सचिव सूर्यमणि पौडेलले जानकारी गराए । कार्यक्रममा नवनिर्वाचित देव कुमार वलीले संस्थालाई अझै अगाडि बढाउने प्क्तिवद्धता व्यक्त गरेका थिए ।

# एक अर्ब बढी राजस्व चुहावट, ५० लाख धरौटी !



काठमाडौं/मस- आन्तरिक राजस्व विभागका पूर्वमहानिर्देशक चूडामणि शर्मासँग विशेष अदालत काठमाडौंले ५० लाख रुपैयाँ धरौटी मागेको छ । तत्कालीन कर फछ्र्यौट आयोगका सदस्यसमेत रहेका शर्मालाई थुनछेक बहसपछि अदालतले धरौटीमा रिहा गर्ने आदेश गरेको हो । न्यायाधीशद्वय अब्दुल अजिज मुसलमान र नित्यानन्द पाण्डेयको इजलासले यस्तो आदेश गरेको हो ।

अखितयार दुरुपयोग अनुसन्धान आयोगले गत असार ९ गते शर्मासहित तत्कालीन आयोगका अध्यक्ष लुम्बध्वज महत र सदस्य उमेशप्रकाश ढकालविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो । उनीहरुमाथि जथाभावी कर छुट दिएर राज्य कोषमा एक अर्ब ३३ लाख २० हजार ३८५ रुपैयाँ घाटा लगाएको अभियोग छ । शर्मा सोमबार विशेष अदालतमा उपस्थित भएपछि उनीसँग बयान लिइएको हो । बयानका क्रममा शर्माले आफूहरूले कानून विपरीतको कुनै काम नगरेको दाबी गरेका थिए । बयानका क्रममा आफूमाथिको अभियोग अस्वीकार गरेको भएपनि विशेष इजलासले आयोगको निर्णयबाट करदाताले छुट पाएको देखिएको भन्दै उनलाई तत्काल प्राप्त प्रमाणका आधारमा निर्दोष मान्न नमिल्ने भनेको छ ।

तर, शर्मा भागेर जाने वा उनले प्रमाण नष्ट गर्नसक्ने अवस्था नभएकोले धरौटी मागेर तारेखमा छाड्नु उपयुक्त हुने अदालतको आदेशमा उल्लेख छ। ५० लाख रूपैयाँ धरौटी माग गर्ने र नगद वा बैंक जमानत दिन नसके मात्र उनलाई थुनामा पठाउन अदालतको आदेशमा भनिएको छ । शर्मासहितका पदाधिकारीले कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा १७ बमोजिम असल नियतले आफ्नो कार्य सम्पादन नगरी व्यक्तिगत लाभ हुने र राज्यलाई हानी नोक्सानी पुऱ्याई बदनियतपूर्ण काम गरेको स-प्रमाण पुष्टि भएको अख्तियारको दाबी छ ।

करदाताहरूको विभिन्न कर शीर्षकमा कर बक्यौता रहेकोमा कर फछ्र्यौट आयोगका पदाधिकारीहरूले आपसी कुराकानीलाई मात्र आधार लिई कर छुट दिने गरी सम्झौता गरी मनोमानी किसिमले बदनियतपूर्वक एक अर्ब ३३ लाख २० हजार ३८५ रुपैयाँ बक्यौता कर छुट दिएको पुष्टि भएको अख्तियारको भनाइ छ ।


## हार्दिक श्रद्धाञ्जली



जन्म मिति
वि.स. १९९२

स्वर्गारोहण मिति
वि.स. २०७८ असोज ०७ गते

**स्व. हिरा लाल पौडेल**

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो !
इन्द्रै बिन्ति गरुन झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो !!
थुप्रोमा उधिनि मिठो र नमिठो रोजेर छान्दैन त्यो !
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो !!

बाग्लुङ् जिल्ला भिमपोखरा गा.पा. ३ मा जन्मनु भई हाल टोखा न.पा.-३ निवासी यस **राजधानी इन्टरनेशनल सर्भिसका** संचालक श्री बाल कृष्ण पौडेलका पुजनीय पिता हिरा लाल पौडेलको मिति २०७८/०६/०७ मा हुन गएको असामयिक निधनले हामी सबैलाई स्तब्ध तथा मर्माहित बनाएको छ । यस दुःखद् घडीमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै स्वर्गीय आत्माको चिरशान्ति तथा बैकुण्ठवासको लागि भगवानसँग सविनय प्रार्थना गर्दछौं । साथै शोकसन्तप्त परिवारजनलाई धैर्यधारण गर्ने तथा यस अकल्पनीय तथा अपुरणीय क्षति सहन् गर्न सक्ने शक्ति मिलोस् भनी कामना समेत गर्दछौं ।

RAJDHANI Int'l Services P. Ltd.

**राजधानी इन्टरनेशनल सर्भिस परिवार**

## सम्पादकीय

# असहिष्णु संस्कृति

पाँच वर्षे स्थीर सरकार निर्माण गर्नेगरी गएको २०७४ को प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा जनमत पाएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता कायम रहन सकेन । नेकपाको एकता कायम नरहँदा सरकार पाँच वर्ष चल्न सकेन । गएको २९ असारमा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा पाँच दलीय गठबन्धन सरकार बनेको छ । गठबन्धन सरकारको बहुमत जोगाउने प्रयोजनका निम्ति सरकार बिस्तार समेत हुन सकेको छैन । अढाई महिनादेखि प्रधानमन्त्री देउवा पाँच जना मन्त्री र एक मन्त्रीको भरमा सरकार चलाइरहेका छन् । तर दल विभाजनको तीव्रतासँगै असहिष्णु संस्कृति पनि मौलाएको छ ।

नेताहरूबीच एकअर्कामा गम्भीर आरोप लगाउने गरेका छन् । यसको प्रमुख कारण भने पहिले नेकपाको विभाजन, त्यसपछि नेकपा एमाले र राष्ट्रिय जनता पार्टी (जसपा) को विभाजन हो । खासगरी एमाले, नेकपा (एकीकृत समाजवादी) र नेकपा (माओवादी केन्द्र) का नेताहरू बीच एक अर्कालाई गम्भीर आरोप लगाउने गरेका छन् । संसदीय लोकतन्त्रमा दलहरूको एकता, सहकार्य र विभाजन अस्वभाविक होइन । तर, नेपालका शीर्ष नेताहरूले नै त्यसलाई स्वभाविक रूपमा लिन सकिरहेका छैनन् । सहकार्य वा पार्टी एकता गर्दा एकअर्काको प्रसंशामा नथाक्ने नेताहरू थोरै सम्बन्ध बिग्रनासाथ पदीय हैसियत र मर्यादालाई समेत बिर्सिएर मनपरी अभिव्यक्ति दिनु नियति नै बनेको छ ।

अर्को पार्टी र नेतालाई कमजोर देखाउन र आफूलाई अब्बल देखाउने आधार नेता तथा कार्यकर्ताको असल व्यवहार, पार्टीका सिद्धान्त, नीति कार्यक्रमहरू हुन् र हुनुपर्छ । त्यसका आधारमा जनताको अभिमत आफ्नो पक्षतर्फ आकर्षित गर्ने दायित्व हरेक पार्टीका नेता, कार्यकर्ता, समर्थक शुभेच्छुकको हो । ती दायित्व र जिम्मेवारीलाई बिर्सिएर व्यक्तिगत रूपमा अराजक भाषण र टिप्पणी गर्ने, पार्टीका दस्तावेजमा त्यस्तै कुरा उल्लेख गर्ने र कार्यकर्तालाई पनि अर्को पक्षमाथि जाई लाग्न उक्साउने काम हुँदै आइरहेको छ । त्यसले गर्दा समाजमा एकअर्कोप्रति आशंका, विद्वेश, भीडन्तको अवस्था थप संस्थागत भइरहेको छ । यस्तो प्रवृत्तिले देशको समग्र विकास प्रकृयालाई दीर्घकालीन रूपमा नकारात्मक प्रभाव पारिरहेको छ । यसतर्फ देश बनाउन राजनीति गरिरहेको दावी गर्ने सबै राजनीतिक पार्टीका नेता, कार्यकर्ताहरूले बेलैमा गम्भीर हुन जरूरी छ ।

## सामाजिक सञ्जाल



प्रभुको आदेश मुखबाट निस्कना साथ 'चीनले सिमा मिचेकै छैन' भन्ने विज्ञहरूको विज्ञानलाई लत्याउदै एउटा आयोग बनाई टोपलेर डोल्पा तिर ठेले । नतिजाले मालिक रिझाउन सकेन । ए देउवा दाइ ! छातीमा पाति उम्रेको छ भने त्यहि आयोगलाई दक्षिण तिर पठाई दिनु त भारतले टोटल कति जमिन मिचेछ नापेर आओस् । हिम्मत छ कमफरटेवल ?

**- गोविन्दकुमार थापा**



खुल्ला ढल राखेर रमिता देखाउने ठेकेदारलाई कारबाही हुन्छ कि हुँदैन? तेस्तो ठाउँलाई रातो टेपले मार्किङ्ग गरेर राख्न सकिदैन थियो ? ठेकेदार, सिंचाइ बिभाग वा सडक बिभाग मध्य मुख्य जिम्मेवारी कसले लिने ? स्थानीय प्रशासनले ठेकेदारलाई पक्राउ गरेर किन कानूनी बाटो समाएन ? घटना रहस्यमय छ ।

**- विष्णु पोखरेल**



ओलीले म नै राज्य हुँ भने जसरी दुई/दुई पटक संसद विघटनका गरेका कुरा केही हल पाडाबाच्छाले फेरि उठाएछन् ऐमालेमा ! अवसर (घाँस)को खोजीमा रहेका यिनीहरू कतै माधवजीसँगको सहमतिमा नै ओलीजीलाई काउछोबाट छुटकारा नदिन त होइन ? समयले परिणाम त देला तर, यस्तो प्रवृत्तिले स्वयंको पनि हित हुदैन !

**- विष्णु ढकाल**



दुई महिनामा ८ अर्ब ३६ करोडको विदेशी तरकारी आयो, तर दुर्भाग्य १६ अर्ब ७२ करोडको यहीँ उत्पादन भएको तरकारी बारीमा सढेर गयो ! कमिसनको मोह, स्थानीय कृषक लाई हतोत्साही र विस्थापन गर्ने षडयन्त्र ! परनिर्भर बनाउने "कम्फरटेवल" ठेक्का !

**- निर्मल प्रसाइँ**



खोदा पहाड, निकला चुहा ! चीनतर्फका सीमा समस्या अध्ययन गर्न गठित समितिले नापी विभागका प्राविधिज्ञहरूबाट नापजाँच गर्दा चीनले हुम्लामा सीमा मिचेको प्रमाण नभेटाएपछि त्यही व्यहोराको प्रतिवेदन गृहमन्त्रीलाई बुझाएको छ । २०७३ र २०७६ मा परराष्ट्रले छानबिन गर्दा पनि यस्तै नतिजा आएको रहेछ !

**- बाबुलाल भण्डारी**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# सुशासन, सेवा प्रवाह र वेरूजु

**सीपमूलक, इमान्दार, दक्ष र अनुभवी कर्मचारीको अभाव, राजनैतिक नेतृत्वको काँचो अनुभवकै कारण महालेखा परीक्षकको ५८ औं प्रतिवेदन हेर्दा देशैभरि बेरुजुको चाँग देखिन्छ । प्रशासनलाई डोऱ्याउने राजनीति आफैं अन्यौलतामा रहेको, दलहरु विभाजित हुँदै गएको, स्थीर भनिएको सरकारको पनि दिगो नभएको, दल फुटेरै राजनैतिक संक्रमण बढेको देखिन्छ भने संसदको अकाल मृत्य भइरहेको र जसो तसो ब्यूँतिए पनि उसले बिजनेश नपाउने गरेको र अध्यादेशबाट देश सञ्चालन हुन पुगेको छ ।**



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

सुशासन र सेवा प्रवाहका सम्वाहक भनेका राष्ट्रसेवक कर्मचारी नै हुन् । तिनीहरु विभिन्न तह र क्षेत्रमा छरिएका छन् । राष्ट्रसेवकहरुलाई कामप्रति सजग गराउन, सेवाभावप्रति उत्तरदायी बनाउन, समयमै काम सम्पन्न गराउन, जिम्मेवारी बहन गराउन, कार्यसंस्कृतिको विकास गराउन हरेक वर्षका बजेटले अनेकौं प्रयास गरेको देखिन्छ । राष्ट्रसेवकहरुमा ज्ञान छ, सीप छ, अनुभव पनि छ, तर सीप र पेशागत मर्यादाको विकास गरी सरकारी सेवालाई उत्कृष्ठ बनाउन सकिएको छैन । यसका लागि कर्मचारीहरुको सरुवा, पुरस्कार, सजाँय, वृत्ति विकास र पूर्ण क्षमताको विकास गरी सरकारी सेवालाई उत्कृष्ठ बनाइने अठोट गर्दै योगदानमा आधारित निवृत्तिभरण कोष सन्चालन गर्ने संस्थागत विकास अभियान पनि छ । सरकारी विनियोजनबाट पारिश्रमिक प्राप्त गर्ने सबै राष्ट्रसेवक कर्मचारीहरु तलबमानमा यसै श्रावण १ गतेदेखि सबैलाई एकमुष्ट रु २ हजारले तलब वृद्धिको घोषणा पनि भएको छ । हामीकहाँ कागजको स्वर्ग बनाउने चलन नयाँ होइन, वि.सं.२००७ पछिदेखि नै हो । प्रशासन सेवा चुस्त गराउने भनेर बुच कमिशन वि सं २००९ मै आएको हो । तर प्रशासन सेवा भने अझै बामे सर्दैछ ।



सीपमूलक, इमान्दार, दक्ष र अनुभवी कर्मचारीको अभाव, राजनैतिक नेतृत्वको काँचो अनुभवकै कारण महालेखा परीक्षकको ५८ औं प्रतिवेदन हेर्दा देशैभरि बेरुजुको चाँग देखिन्छ । प्रशासनलाई डोऱ्याउने राजनीति आफैं अन्यौलतामा रहेको, दलहरु विभाजित हुँदै गएको, स्थीर भनिएको सरकारको पनि दिगो नभएको, दल फुटेरै राजनैतिक संक्रमण बढेको देखिन्छ भने संसदको अकाल मृत्य भइरहेको र जसो तसो ब्यूँतिए पनि उसले बिजनेश नपाउने गरेको र अध्यादेशबाट देश सञ्चालन हुन पुगेको छ । संघीय संविधान लागु भएको वर्षौं भईसक्दा पनि सुशासनको प्रत्याभूति दिने खालको संघीय निजामती सेवा ऐन देशले अझै पाउन सकेको छैन । लेखा प्रणालीको व्यवस्थापन गर्ने कुमारी चोकको अर्को रुप मलेपको इतिहास लामो छ । अहिले उसले ५८ औं वार्षिक प्रतिवेदन प्रस्तुत गरे पनि यसको पूर्वजको इतिहास हेर्दा २ सय ५० वर्ष नाघिसकेको देखिन्छ । लोकतन्त्रमा बेलायतको नाम संसारमै चर्चित छ लेखा प्रशासन, बेरुजुका सन्दर्भमा त्यहाँको इतिहास सन् १८६५ देखि मात्र आरम्भ भएको पाइन्छ अर्को संसारकै उच्च मानिएको देश अमेरिकाको इतिहास हेर्दा यस्ता संस्थाहरुको स्थापना भएको समय नेपालको कुमारी चोकभन्दा कम मात्रै भएको भेटिन्छ ।

हामीकहाँ राष्ट्रिय बजेट प्रस्तुत गर्ने परम्परा वि.सं.२००८ देखि शुरु भएको देखिए पनि बेरुजु, लेनदेनको हिसाब, सरकारी असूल उपर प्रथा कुमारीचोक अड्डा स्थापना भएदेखि नै हो र पनि बेरुजु फर्छौट र सुशासनका विषयमा हामी संसारमै पछाडि छौँ । अन्य देशहरुमा यसबारेमा कठोर नीति लिइएको देखिन्छ भने हाम्रो राजनैतिक प्रतिबद्धताको अभावमा वर्षेनी अनियमित खर्च बढ्दै गएको प्रतीत हुन्छ । बेरुजुको अंक हेर्दा हाम्रो काम कारबाही, बजेट, खर्च र उपलब्धिका सम्बन्धमा ठूलै छलफल गरी ठोस निर्णय लिनु पर्ने देखिएको छ । दक्ष कर्मचारीको अभाव, तालीम र राजनैतिक इमान्दारिताको अभाव पनि महशूस भएकै विषय हो । पछिल्लो बेरुजु संख्या हेर्दा ६० प्रतिशत बेरुजु अनियमित देखन्छ जसलाई विषय र प्रकिया पुर्‍याइ नेतृत्वले नियमित गर्न सक्छ । २७ प्रतिशत बेरुजु असूल उपर गर्ने खालका देखिएका छन् । बाँकी १३ प्रतिशत बेरुजु पुराना छन् जसलाई ततत‍त् निकायले चासो राखी फर्छौट गर्न सक्छ, असूल उपर गर्न नसक्ने खालका बेरुजुलाई माफी, मिनाहाको बाटो पनि छँदैछ । हिजो आज घरभरि, सडकभरि टन्नै पैसा तिर्दा पनि फोहोर नउठ्ने तर बाजा गाजा सहित कर भने उठाउन सक्ने राजनैतिक अभियान अचम्मको छ, चासो दिएमा बेरुजु पर्छौट अभियान पनि पूरा हुन सक्ने नै विषय हो ।

सुशासनको प्रत्याभुति गर्न इमान्दार, दक्ष कर्मचारीको आवश्यकता हुन्छ । बजारमा उपलव्ध यस्ता नागरिकहरुको निस्पक्ष छनौट गरी योग्य, दक्ष र इमान्दार कर्मचारीको छनोटको अभिभारा स्वतन्त्र लोकसेवा आयोगको हुन्छ । तर कर्मचारी विज्ञापन गर्ना साथ साह्रै ठूलो विवाद सिर्जना भयो विगतमा । थापाथली मण्डला तात्यो । लोकतन्त्रको गहना भनेको प्रशासनिक यन्त्र नै हो । विगतमा सरकारले धेरै विधेयक संसदमा पेश गऱ्यो कुनै विधेयक विवाद रहित भएन, मेडिया काउन्सिल विधेयक, गुठी जग्गा विधेयक, शिक्षा स्वास्थ्य विधेयक अरु कति हो कति, अहिले त संसद नै छैन भन्दा हुन्छ ।

> आम नागरिकहरूलाई शासन संचालनमा भावनात्मक सहभागी बनाउने उद्देश्यले मुलुक संघीयतामा परिणत भएको हो । शासनका सबै प्रक्रियामा स्वामित्व स्थापित गर्न, उत्तरदायी राजनीतिक प्रणालीको विकास गर्न, सेवा सुविधाहरू घरदैलोबाटै प्राप्त गर्न/गराउने उद्देश्यले मुलुक संघीयतामा प्रवेश गरेको हो ।

